जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

बर्ष १२ • अंक १५७ • २०८१ चैत्र १६ गते शनिवार • 29 Mar. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

## दुई वटा छुट्टाछुट्टै समूहले आयोजना गरेको विरोध प्रदर्शनले काठमाडौंको अवस्था अस्तव्यस्त

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ चैत्र**



काठमाडौंमा शुक्रबार दुई वटा छुट्टाछुट्टै समूहले आयोजना गर्न लागेको विरोध प्रदर्शनले काठमाडौंको अवस्था अस्तव्यस्त देखिएको छ । गणतन्त्र पक्षधर र विरोधी राजावादी समूहको प्रदर्शन शान्तिपूर्ण बनाउन स्थानीय प्रशासनले दुई छुट्टाछुट्टै स्थान तोकी सही अनुसारको सुरक्षा व्यवस्थापन मिलाएको जनाएको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौँले गणतन्त्र पक्षधरलाई प्रदर्शनीमार्ग-भृकुटीमण्डप र राजतन्त्र पक्षधर समूहलाई तीनकुनेमा विरोध सभा गर्न अनुमति दिएको छ।

दुई प्रदर्शनको सुरक्षा मजबुत बनाउन जिल्ला प्रशासन कार्यालय काठमाडौँ, ललितपुर र भक्तपुरले संयुक्त सुरक्षा संयन्त्र तयार पारी आवश्यक सुरक्षा सतर्कता सहितको तयारी गरिएको काठमाडौँका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले जानकारी दिनुभयो । तिवारीले भन्नुभयो, "दुई फरक समूहको प्रदर्शन शान्तिपूर्ण बनाउन आवश्यक सुरक्षाकर्मी परिचालन गरी कार्यक्रम स्थल, र्‍यालीका लागि प्रयोग गरिने रुट फरक पारी सभास्थलको सुरक्षा व्यवस्था चुस्त पारिएको छ।" उहाँले सुरक्षा व्यवस्थालाई मध्यनजर गरी दुवै समूहबिच छुट्टाछुट्टै छलफल र समन्वय भइरहेको र दुवै पक्षको प्रदर्शन शान्तिपूर्ण हुने प्रतिबद्धता व्यक्त गरेको पनि जानकारी दिनुभयो । समाजवादी मोर्चामा आबद्ध नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेपाल समाजवादी पार्टी र नेकपा विप्लव समूहले गणतन्त्रका पक्षमा प्रदर्शन गर्दै छन् । त्यस्तै राजतन्त्रसहितको हिन्दुराज्यको माग राखी राप्रपासहित विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' नामबाट प्रदर्शनको तयारी गरिएको छ ।

**'सुरक्षा व्यवस्था चुस्त रहोस्'** राष्ट्रिय मानव अधिकार आयोगले दुई छुट्टाछुट्टै प्रदर्शनको सुरक्षा व्यवस्था चुस्त बनाउन जिल्ला प्रशासन कार्यालय काठमाडौँ र सुरक्षा निकायका प्रमुखलाई निर्देश दिएको छ । आयोगले बिहीबार एक विज्ञप्ति जारी गरी उपत्यकाको सुरक्षा व्यवस्थाको सम्बन्धमा काठमाडौँ र ललितपुरका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख र नेपाल प्रहरीको मानव अधिकार सेलका प्रतिनिधिसँग छलफल भएको जनाएको छ । आयोगका प्रवक्ता एवं सहसचिव टीकाराम पोखरेलले छलफलमा सुरक्षा अधिकारीहरूले शान्ति सुरक्षाको अवस्थालाई व्यवस्थित गर्न उपत्यकाका सबै सुरक्षा निकाय र प्रदर्शनकारीका प्रतिनिधिसँग समेत छलफल गरेर सुरक्षा योजना तयार पारिएको जानकारी आफूहरूलाई गराएको उल्लेख गर्नुभएको छ।

आयोगका अध्यक्ष तपबहादुर मगरले प्रदर्शनमा शान्तिसुरक्षालाई व्यवस्थित गर्न आवश्यक सम्पूर्ण सुरक्षा सतर्कता अपनाई मानव अधिकारको मूल्य मान्यतालाई आत्मसात् गर्न स्थानीय प्रशासन र सुरक्षा निकायलाई निर्देशन दिनुभएको छ। प्रदर्शनीका क्रममा दुवै पक्ष आमनेसामने हुने स्थिति सिर्जना भएमा त्यसबाट उत्पन्न हुन सक्ने परिस्थितिले शान्तिसुरक्षामा समेत चुनौती थप्न सक्ने अवस्थाप्रति आयोगले चासो व्यक्त गरेको हो।

प्रदर्शनमा आफ्नो विचार र अभिव्यक्तिको स्वतन्त्रताको अधिकारको प्रयोग गर्दा देशको संविधान र राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनमा उल्लेखित प्रावधानहरूको पालनामा संवेदनशील हुँदै अरूको अधिकारमा बाधा पर्नेतर्फ सचेत रहन र आफ्ना प्रदर्शनका कार्यलाई शान्तिपूर्ण बनाउन प्रदर्शनरत पक्षलाई अपिल गर्दै आयोगका विभिन्न टोलीमार्फत मानव अधिकारको अनुगमन गर्ने पनि जनाएको छ ।

**सुरक्षा व्यवस्था बलियो** नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता दिनेश आचार्यले सुरक्षा व्यवस्था मजबुत बनाइएको बताउनुभयो। दुवै पक्षले आयोजना गर्ने प्रदर्शन स्थल, र्‍यालीमा प्रयोग हुने रुटको सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि आवश्यक प्रहरी परिचालन गरिने पनि उहाँले बताउनुभयो। आचार्यले भन्नुभयो, "दुई समूहका छुट्टाछुट्टै प्रदर्शन शान्तिपूर्ण हुने प्रतिबद्धता जनाइसकेका छन् । यद्यपि फरक समूहका र्‍यालीबिच जम्काभेट र मुडभेड नहोस् भनेर आवश्यक सुरक्षा तयारी अपनाइएको छ।" त्यसै गरी शुक्रबारका दुई फरक प्रदर्शनको सुरक्षाका लागि सशस्त्र प्रहरीले सशस्त्र प्रहरी नायब महानिरीक्षकको कमान्डमा झन्डै दुई हजार पाँच सय सुरक्षाकर्मी परिचालन गर्ने जनाएको छ।

## मिथिला नगरपालिका-१०, लालगढमा रहेका लाइन होटलको अनुगमन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १५ चैत्र**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले यात्रु बनेर बिहीबार राति धनुषाको मिथिला नगरपालिका-१०, लालगढमा रहेका लाइन होटलको अनुगमन गर्नुभएको छ। लालगढका होटलहरूमा बासी र गुणस्तरहीन खाना खुवाउने तथा यात्रुहरूबाट महङ्गो शुल्क असुल्ने गरेको गुनासो बढेपछि उहाँ नेतृत्वको टोलीले रातिको समयमा अनुगमन गर्नुभएको हो।

नी निजी नम्बर प्लेटको माइक्रोबसमा यात्रु बनेर सादा पोशाकका सुरक्षाकर्मी र अनुगमन टोलीसहित होटलहरुमा पुग्नुभएको थियो। अनुगमनको क्रममा मुख्यमन्त्री सिंहले होटल सञ्चालकहरूसँग बस चालक र सहचालकलाई दिइने कमिसनबारे पनि सोधपुछ गर्नुभयो। सञ्चालकहरूले यात्रुको सङ्ख्याका आधारमा दैनिक, साप्ताहिक वा मासिक रूपमा केही रकम दिने गरेको स्वीकार गर्नुभयो।

अनुगमनका क्रममा कतिपय होटलहरूमा भान्साघर फोहर रहेको, दाल बेसारपानी मात्र भएको, सागसब्जी राम्रोसँग नपखालिएको, माछामासुको ताजगी यकिन गर्न नसकिने, यात्रुहरूले नखाए पनि पैसा तिर्नुपरेको समस्या देखिएको अनुगमन टोलीले जनाएको छ । अनुगमन टोलीमा रहेका साना उद्योग तथा घरेलु कार्यालय जनकपुरधामका प्रमुख सन्तोष साहले होटलहरूलाई जारको पानी अनिवार्य रूपमा दिन, शौचालय सफा राख्न, म्याद गुज्रेका सामग्री नबेच्न तथा शाकाहारी र मांसाहारी खाना छुट्याएर ग्राहकलाई दिने निर्देशन दिइएको बताउनुभयो । मुख्यमन्त्री सिंहका प्रेस सल्लाहकार अनिलकुमार कर्णले खाद्य सुरक्षाका लागि अनुगमनलाई निरन्तरता दिइएको बताउनुभयो। अनुगमनपछि सुधार नभए कारबाही गरिने चेतावनीसमेत दिइएको उहाँले जानकारी दिनुभयो।

लालगढमा होटल ग्रीन हाउस, होटल कोशी, दिदिभेना होटल, गिरी होटल एण्ड खाजाघर, र होटल लालगढ लालीगुराँस लगायत एक दर्जन लाइन होटलको अनुगमन गरिएको बताइएको छ। अनुगमन टोलीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, साना उद्योग तथा घरेलु कार्यालयका प्रतिनिधि, तथा सुरक्षाकर्मी सहभागी रहनुभएको थियो।

## राजनीतिक स्वार्थको लागि राष्ट्रसेवकभन्दा सरकार र पार्टीको नोकर हुने खतरा बढे



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ चैत्र**

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले कुलमान घिसिङलाई पदमुक्त गर्ने सरकारको निर्णयले कर्मचारीहरू राजनीतिक स्वार्थको लागि राष्ट्रसेवकभन्दा सरकार र पार्टीको नोकर हुने खतरा बढेको बताएका छन्।

अध्यक्ष लिङदेनले आफ्नो कार्यकालको केही समय मात्र बिताउन बाँकी रहेका कुलमानलाई सम्मानजनक बिदाइ गर्नुपर्ने ठाउँमा उपमानजनक रूपले निस्काषन गरेर सरकारले गलत नजिर स्थापित गरेको बताए। उनले उत्कृष्ट प्रशासकको छवि बनाएका कर्मचारीलाई हटाउँदा अगामी दिनमा समेत सरकारले स्वार्थअनुकुल कर्मचारीहरू हटाउने र राख्ने कार्य गर्ने उनको भनाइ छ। उनले कमजोर कर्मचारी प्रशासनलाई ध्वस्त पार्ने काम गरेको भन्दै सरकारले निर्णय सच्याउनुपर्ने जिकिर गरे।

उनले भने, 'पहिलो कुरा त सरकारले जे निर्णय गऱ्यो त्यो गलत गऱ्यो । कति मानिसहरूले सरकारले आफ्नो कर्मचारीलाई निकाल्न पनि सक्छ, राख्न पनि सक्छ यो सामान्य प्रक्रिया हो भनेर व्याख्या गरिरहेका छन्। तर एउटा कुशल प्रशासकको रूपमा स्थापित कुलमान घिसिङ जसले आफ्नो कार्यकालको थोरै मात्र समय व्यतीत गर्न बाँकी थियो । उसलाई सम्मानजनक बिदाइ गर्नुपर्ने ठाउँमा जुन उपमान जनक ढङ्गले निष्कासन गरियो । त्यसले एउटा नजिर खडा हुने खतरा भयो कि सरकारले चाह्यो भने कर्मचारीहरूलाई जुनसुकै बेला निकाल्न सक्छ । यसले कर्मचारी राष्ट्रसेवक भन्दा पनि कहिले काहीँ राजनीतिक स्वार्थको लागि सरकार र पार्टीको नोकरमा परिणत हुने खतरा भयो। र अरूले पनि यसलाई नजिर बनाएर पहिले पनि यसरी निकालिएको थियो निकाल्न पाइन्छ भन्ने बाटोतर्फ देश गयो भने कर्मचारी संयन्त्र कर्मचारी प्रशासन त्यसै त कमजोर भएको छ त्यो ध्वस्त हुनसक्छ।'

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence




# मेरि आमाको कबिता

*-निमेश ढकाल*

*निर्दोष मेरि आमा लाई म कसरी भनौ*
*म यो देश छाडेर जाँदै छु भनेर*
*असारे मेला मा ब्यस्त भएका*
*मेरा बाबू लाई म कसरी भनौ*
*म यो देश छाडेर जाँदै छु भनेर*
*कसैले बाटो मा भेट्यौ भनि*
*भनिदिनु मेरा आमा बा लाइ*
*छोरा आउन्ने छ आमै*
*एकदिन ठूलो मान्छे बनेर ॥*

*भनिदिनु यो सरकार लाई*
*म नागरिकता बोकेर पनि*
*अनागरिक भएको छु*
*त्यो नागरिकता को सान बढाउन्न कै निम्ति म*
*यो देश छाडेर गएको छु*
*हो म नागरिकता भएर पनि अनागरिक भएको छु ।*
*बुझाइ दिनु मेरि आमा लाइ*
*छोरा ठूलो मान्छे बन्न गएको भनेर*
*आमा अन्तिम पत्र नआउन्नु जेल बस्नु है*
*औंला भाच्दै दिन गनेर*
*हो*
*बिरे दाइ ले भनेको*
*जस्तै आउन्ने छु म*
*एकदिन ठूलो मान्छे बनेर ॥।*

*शासन सत्ता र साशक को*
*भरमा अब नपरुन्न मेरा बा आमा*
*बुझाइदिनु कसैले उनिहरु भ्रष्ट हुन भनेर*
*मेरो अन्तिम पत्र नआउन्नु जेल*
*बस है आमा दिन गनेर*
*आउन्ने छन्न म जस्तै*
*हजारौ छोराहरु एकदिन*
*अब्बल नागरिक बनेर ॥*

# प्रहरीद्वारा सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाईयो



**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, १५ चैत्र**

सिरहाको औरही गाउँपालिका -५ मा महायज्ञका नाममा जातीय विभेद गरिएको घटनाको अनुसन्धान प्रतिवेदन प्रहरीले सरकारी वकिलको कार्यालयलाई बुझाएको छ ।

जातीय भेद्भाव तथा छुवाछूतसम्बन्धी मुद्दाको ६ दिनमै अनुसन्धान सकाएर प्रहरीले बिहीबार प्रतिवेदन सरकार वकिललाई बुझाएको हो । अनुसन्धान प्रतिवेदन प्राप्त भएको र त्यसको अध्ययन गर्ने काम भइरहेको जिल्ला न्यायाधिवक्ता राजेन्द्र बस्नेतले जानकारी दिए । अध्ययनपछि उक्त प्रतिवेदन अदालतमा अभियोगपत्रका रुपमा दायर गरिने उनले बताए ।

औरहीका दलित समुदायका दीपक मल्लिकको घर भत्काएको घटनामा यही चैत ९ गते साँझ गाउँपालिकाका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादव पक्राउ परेका थिए । त्यसपछि चैत १० गते प्रहरीले उनीहरुसँगै बजरङ्गी बाबाविरुद्ध पीडितसँग जाहेरी लिएको थियो । यही चैत १७ देखि आयोजना हुने भनिएको महायज्ञका नाममा गत फागुन १० गते अछूत भन्दै महायज्ञस्थलमा रहेको दिपक मल्लिकको घर भत्काइएको थियो।

गाउँपालिका अध्यक्ष, पूर्ववडाध्यक्ष र बजरङ्गी बाबाले डोजर लगाएर भत्काइदिएको भनेर घटना सार्वजनिक भएको थियो । यसअघि घटनाबारे संवेदनशील नभएको भन्दै गृह मन्त्रालयले सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाललाई मन्त्रालय तथा जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितलाई प्रहरी प्रधान कार्यालय तानेको थियो ।

# रौतहटको गरुडा नगरपालिका-४ तरकारी बजारमा आगलागी



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, १५ चैत्र**

रौतहटको गरुडा नगरपालिका-४ तरकारी बजारमा आगलागी भएको छ। आगलागीबाट स्थानीय शेख कमाउदिनको फुसको घरमा रहेको मासु पसल, नेवालालको फुसको घरमा रहेको किराना पसल, जयमङ्गल चौधरीको फुसको घरमा रहेको खाजा पसल, कृष्ण दासको पक्की घरमा रहेको कपडा पसल गरी ७ वटा पसल पूर्ण रूपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

बिहान साढे नौ बजे सुरु भएको आगलागी स्थानीय बासिन्दा, नगर प्रहरी तथा नेपाल प्रहरी एवम् सशस्त्र प्रहरीको संक्युक्त प्रयासबाट नियन्त्रणमा आएको थियो। आगलागी नियन्त्रणमा आएपछि गरुडा नगरपालिकाको मिनी दमकल तथा गौर नगरपालिकाको वारुण यन्त्र घटना स्थल पुगेर निभाएको स्थानीय कमल जयसवालले बताउनुभयो । आगलागीबाट लगभग १३ लाखको क्षति भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायव उपरीक्षक दीपककुमार रायले बताउनुभयो।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**बलवा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: खानपानमा समस्या आउने
मिथून: अनावश्यक चिन्ता
कर्कट: मनमा पछुतो आउने
सिंह: मित्रतामा फाटो आउने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: लामो यात्राको योग छ
धनु: शुभ कार्यको शुरुवात
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# क्यानेडेली प्रधानमन्त्री कार्नीले भने-अमेरिकासँगको पुरानो सबै नाता सम्बन्ध समाप्त

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ चैत्र**



क्यानेडेली प्रधानमन्त्री मार्क कार्नीले अमेरिकासँगको पुरानो नाता सम्बन्ध समाप्त भएको बताएका छन् । उनले आफ्नुहरुको अर्थव्यवस्थाको गहन एकीकरण, कडा सुरक्षा एवं सैन्य सहयोगमाथि आधारित सम्बन्ध समाप्त भएको बताएका हुन्।

क्याबिनेट बैठकपछि ओटावामा पत्रकारसँग कुरा गर्दै प्रधानमन्त्री कार्नीले भने, 'अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाएको ट्यारिफलाई लिएर क्यानेडेली नागरिकले आफ्नो अर्थव्यवस्थाको मौलिक रुपमा पुर्नकल्पना गर्न जरुरी छ।' क्यानाडाले जवाफी ट्यारिफ अर्थात् भन्सार शुल्क लगाउने र जसको अमेरिकामा पनि अधिकतम प्रभाव पर्ने उनको भनाइ छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले बुधबार आयातित सवारी तथा पाटपुर्जामा २५ प्रतिशत भन्सार शुल्क अर्थात् आयातकर लगाउने घोषणा गरेका थिए। लिबरल नेता कार्नीले १९९५ मा हस्ताक्षरित मूल क्यानाडा-अमेरिका अटोमोटिभ उत्पादन सम्भौतालाई आफ्नो जीवनकालको सबैभन्दा महत्वपूर्ण सम्भौता भनेका छन् ।

# यस्तो छ आजका लागि निर्धारित विदेशी मुद्राको विनिमयदर




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ चैत्र**

नेपाल राष्ट्र बैंकले आजका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर १३६ रुपैयाँ ९६ पैसा र बिक्रीदर १३७ रुपैयाँ ५६ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिदर १४७ रुपैयाँ ७० पैसा र बिक्रीदर १४८ रुपैयाँ ३५ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिदर १७७ रुपैयाँ १८ पैसा र बिक्रीदर १७७ रुपैयाँ ९५ पैसा, स्वीस फ्याङ्क एकको खरिददर १५४ रुपैयाँ ९८ पैसा र बिक्रीदर १५५ रुपैयाँ ६६ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८६ रुपैयाँ ४६ पैसा र बिक्रीदर ८६ रुपैयाँ ८३ पैसा, क्यानेडियन डलर एकको खरिदर ९५ रुपैयाँ ८८ पैसा र बिक्रीदर ९६ रुपैयाँ ३० पैसा, सिङ्गापुर डलर एकको खरिददर १०२ रुपैयाँ २६ पैसा र बिक्रीदर १०२ रुपैयाँ ७१ पैसा निर्धारण गरिएको छ।

# 'द्रौपदी' दोस्रो सातामा, आम्दानीको लेखाजोखा आइतबार आउने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ चैत्र**




फिल्म 'द्रौपदी' प्रदर्शनको दोस्रो सातामा प्रवेश गरेको छ। पहिलो साता यो फिल्मको व्यवसाय ठिकठिकै रहे पनि दर्शकबाट सकारात्मक प्रतिक्रिया पाएका कारण दोस्रो सातामा प्रवेश गर्न सफल भएको हो।

फिल्मले पहिलो साता कति आम्दानी गर्‍यो भन्ने सार्वजनिक गरिएको छैन। फिल्मको देशभरको हिसाब आउन बाँकी रहेकाले आइतबारमात्र कति कमायो भन्न सकिने निर्देशक ऋषिराज आचार्यले बताए। फिल्म उप-सभामुख इन्दिरा राना, पूर्वमन्त्री रेखा शर्मा लगायतले केही दिन अगाडि हेरेका थिए। फिल्मले नारीलाई माथि उठाउने र समाज परिवर्तनमा विद्रोहको बिगुल फुक्ने उनीहरूको प्रतिक्रिया थियो। फिल्ममा कर्णालीको सुन्दरता, त्यहाँको जनजीवन र व्यथालाई प्रस्तुत गरिएको छ। फिल्ममा आश्विनी शाही, रवि ओड, कविराज भाम, जेल्सन अधिकारी, सुजाता तिमल्सिना, विष्णु ठडराई, प्रकाश ज्ञवाली लगायतको अभिनय छ। फिल्म ऋषिराज आचार्यले निर्देशन गरेका हुन्। आरबी मुभिजको ब्यानरमा निर्माण भएको फिल्मका सह निर्माता ऋतु आचार्य र ठडराई हुन् भने निर्माता ऋषिराज आचार्य र प्रकाश ज्ञवाली हुन्।

# एनएसएल ३.० : विदेशी खेलाडी अनुबन्धपछि कुन टिम बलियो ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १५ चैत्र**



नेपाल सुपर लिग (एनएसएल) २०२५ सुरु हुन अब एक दिन मात्र बाँकी छ। करिब एक महिना चल्ने नेपालको फ्रेन्चाइज फुटबल प्रतियोगितामा ७ टिमले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। सहभागी ७ वटै टोलीले आफ्नो अन्तिम तयारी पूरा गरिसकेका छन्। नेपाली खेलाडीको अक्सन र ड्राफ्टपछि सबै टिमले विदेशी खेलाडीहरु अनुबन्ध गरेका छन्। यस पटक ६ विदेशी खेलाडी अनुबन्ध गर्न पाउने नियम रहेकोले एनएसएलको तेस्रो सिजनमा विदेशी खेलाडी धेरै देखिनेछ।

लिगमै विदेशी खेलाडी हावी हुन सक्ने सम्भावना छ। विदेशी खेलाडी अनुबन्धपछि सबै टिमले आफ्नो टिमको अन्तिम संरचना पनि निर्माण गरिसकेका छन्। अब सबै टिम मैदानमा आफ्नो चुनौती प्रस्तुत गर्न तयार छन्। यसपटक पहिलो संस्करणको विजेता काठमाडौं रेजर्स, दोस्रो संस्करणको विजेता ललितपुर सिटी एफसी, दुवैपटक उपविजेता बनेको धनगढी एफसीसहित पोखरा थण्डर्स, एफसी चितवन, बुटवल लुम्बिनी एफसी र झापा एफसीले प्रतिस्पर्धा गर्नेछन्।

झापा एफसी दोस्रो संस्करणमा थपिएको टिम हो भने बाँकी ६ टिमले पहिलो संस्करणबाटै खेल्दै आएका छन्। विदेशी खेलाडी अनुबन्धपछि कुन टोली कस्तो बनेको छ? ललितपुर सिटी एफसी: साविक विजेता ललितपुर सिटी एफसी पेपरमा बलियो देखिएको छ।


## अधिकतम खुद्रा बिक्रि मुल्य (MRP) प्रकाशनको सुचना

यस Saurav Agro Implements Enterprises ले China बाट पैठारी गरीएको दहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्रि मुल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ।

| सि. न | मालवस्तुको विवरण/प्रकार | ब्राण्ड | मोडल | मोटर पिक क्षमता | उत्पत्तिको मुलुक | प्रति इकाइ अधिकतम खुद्रा मुल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बिदुतिय भ्यान १६ सीटर | SKYWELL | D10R | 100KW | CHINA | रु ५६,५८,६५३ (छपन्न लाख अन्ठाउन्न हजार छ सय त्रिपन्न मात्र) | |

बिक्रेता फर्मको नाम : Saurav Agro Implements Enterprises
स्थायी लेखा नं. ६०३१११००६
ठेगाना : जनकपुर १४, धनुषा
Sae.jnk@gmail.com, सम्पर्क.९८००८५०५३५




**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**




**महोत्तरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**

# टापु राष्ट्रहरूको निरीहता

-टापुहरूमा प्रभाव जमाउने नीतिमा ट्रम्प प्रशासनले थप गति दिएर विगत उधिन्ने उपक्रम सुरु भएको छ, राष्ट्रपति ट्रम्पको डेनमार्कबाट ग्रिनल्यान्ड टापु खोस्ने बारम्बारको चेतावनीका कारण टापु राष्ट्र र ती क्षेत्रका प्रशासन त्रसित छन् । विश्वव्यापी भू-राजनीतिक तनाव र शक्ति सन्तुलनको केन्द्रमा विभिन्न महादेशका टापुहरूको महत्त्व फेरि एकपटक सतहमा आएको छ । यी टापुहरू प्रायः ठूला शक्तिहरूको रणनीतिक चासोको केन्द्रबिन्दु बन्नुमा तिनीहरूको भौगोलिक अवस्थिति, प्राकृतिक स्रोत र सामरिक महत्त्वले काम गरेको छ । इतिहासमा टापुहरूको आकर्षणः अमेरिकी राष्ट्रपति जेम्स पोल्कको प्रशासनले (१८४५-१८४९) इतिहासमा टापुहरू र क्षेत्रीय विस्तारलाई सबैभन्दा बढी महत्त्व दिएका थिए ।

उनको 'म्यानिफेस्ट डेस्टिनी' नीतिले अमेरिकालाई प्रशान्त महासागरसम्म पुऱ्याउनुमा टापुहरूको अधिग्रहण नै कारक थियो । पोल्कले टेक्सासलाई अमेरिकामा गाभे ।१८४८ को ग्वाडालुपे हिडाल्गो सन्धिमार्फत क्यालिफोर्निया र अन्य क्षेत्रहरू अमेरिकामा थपे । अमेरिका-मेक्सिको युद्धले अमेरिकालाई प्रशान्त टापुहरूसम्मको विस्तारको महत्त्वाकांक्षा पूरा गरेको थियो । पोल्कको समयमा हवाईको औपचारिक अधिग्रहण नभए पनि पछि हवाई र अन्य प्रशान्त टापुहरूमा अमेरिकी चासोलाई ह्वात्तै बढाइदिएको ठानिन्छ । अमेरिकी इतिहासमै एक कार्यकाल मात्र कार्यालयको जिम्मेवारी सम्हालेका पोल्कले भूगोल विस्तार टापु अधिग्रहणमा रेकर्डस्तरको सफलता प्राप्त गरेका थिए । यतिबेला राष्ट्रपति डोनाल्ड ट्रम्पले त्यही शैली पछ्याउने महत्त्वाकांक्षा देखाएका छन् । सन् १८९८ मा अमेरिकाले हवाईलाई गाभेर पोल्कको विस्तारवादी नीतिलाई साकार पारेको थियो ।

यो टापु केही अमेरिकी व्यापारी र मिसनरीहरूले १८९३ मा रानी लिलिउओकलानीलाई अपदस्थ गरेर गणतन्त्र स्थापना गरेका थिए । अझ रोचक त चीनको बढ्दो प्रभावसँगै, यो टापु अमेरिका-चीन तनावको मौन केन्द्र बन्दै छ । ट्रम्पका सम्भवतः एक मात्र उनले नाम लिइएका आदर्श पुरुष म्याकिन्लेले नै अमेरिकी विस्तारलाई साम्राज्यवादी शक्तिमा बदलेको श्रेय पाउँछन् । म्याककिन्लेले स्पेनविरुद्धको युद्धमा क्युबा, फिलिपिन्स, गुआम, र पोर्टोरिकोलाई खोस्न सफल भएका थिए । आफ्नो प्रभाव कायम गर्नेगरी क्युबालाई औपचारिक स्वतन्त्रता दिए पनि बाँकीमाथि अमेरिकी भूगोल विस्तारको भोकलाई थप जगाएका थिए । उनले नै १८९७ मा 'डिंगली ट्यारिफ ऐन' पारित गरेर आयात कर बढाएर अमेरिकी उद्योगहरूलाई संरक्षण गर्ने औचारिक नीतिको सुरुवात गरेका थिए । यसलाई नै राष्ट्रपति ट्रम्पले पृथ्वीस्तरमा फैलाउँदै छन् । उनैले अमेरिकी डलरलाई सुनको मानक मुद्रा बनाएका हुन् । दुःखद रूपमा १९०१ सेप्टेम्बर ६ मा न्युयोर्कमा प्यान-अमेरिकन प्रदर्शनीमा अराजकतावादी लियोन चोलगोसले गोली हानेर उनको हत्या गरे ।

पश्चिमी विस्तार, एसियामा उथलपुथलः १८९८ को स्पेनिस-अमेरिकी युद्धपछि अमेरिकाले गुआम हात पार्न सफल भयो । जुन टापु दोस्रो विश्वयुद्धमा जापानसँगको लडाइँको केन्द्र बन्यो । गुआममा ठूला अमेरिकी सैन्य अड्डाहरू छन्, र यो उत्तर कोरियाको मिसाइल खतरा र चीनको दक्षिण चीन सागर नीतिका कारण चौबाटोमा खडा भएको मानिन्छ । २०१७ मा उत्तर कोरियाले गुआमलाई निसाना बनाउने धम्की दिएको घटना उल्लेखनीय छ । मार्च १८, २०२५ मा सार्वजनिक जेएफके फाइलहरूले दक्षिण चीन सागरमा अमेरिका र चीनबीचको तनावलाई थप सतहमा ल्याएको छ ।



फिलिपिन्सका उत्तरी टापुहरू बाटानेसलगायत ताइवानको नजिक भएका कारण अर्को प्रतिद्वन्द्विताको केन्द्रमा तानिएको छ । २०२३ मा अमेरिका र फिलिपिन्सबीचको ठूलो सैन्य अभ्यास (बीबीसी न्यूज, अप्रिल २६, २०२३) ले यी टापुहरूलाई अमेरिकी रणनीतिको अग्रभागमा राखेको प्रस्टै छ । चीनले यसलाई गम्भीर अमेरिकी हस्तक्षेप ठानेको छ । २०२२ मा सोलोमन टापुहरूले चीनसँग सुरक्षा सम्झौता गरेपछि अमेरिकी र बेलायती जहाजहरूलाई प्रवेश निषेध गरे । यो टापुमार्फत प्रशान्त क्षेत्रमा चीनले सामरिक प्रभाव विस्तार गरेको पेन्टागनको बुझाइ छ (इन्डोप्याकइन्फो, अगस्ट २५ २०२२) । दक्षिण चीन सागरमा अवस्थित यी टापुहरूमामाथि चीन, फिलिपिन्स, भियतनामले दाबी गर्दै आएका छन् । त्यसमाथि बेइजिङले चीनसागरमा कृत्रिम टापुहरू बनाएर सैन्य अड्डा स्थापना गरेको अमेरिकी आरोप छँदै छ । अमेरिकाले त्यहाँ 'फ्रिडम अफ नेभिगेसन' अभियान चलाइरहँदा यी टापुहरू वैश्विक झडपको केन्द्र बन्दै छन् । यी टापुहरूको भौगोलिक अवस्थिति ताइवान, दक्षिण कोरियाका साथै व्यापारिक मार्गहरूको निकटताले तिनीहरूलाई सैन्य र आर्थिक दृष्टिकोणले चुनौतीपूर्ण बनाउँदै लगेको छ । स्प्राट्ली टापुहरूमा तेल र ग्यासको स्रोतका कारण पनि अमेरिकी चासो बढेको हुनुपर्छ ।

पोल्क प्रशासनको समयदेखि नै अमेरिकालाई टापुहरूमा प्रभाव जमाउने नीति ट्रम्प प्रशासनले थप गति दिएर विगत उधिन्ने उपक्रम सुरु भएको छ । राष्ट्रपति ट्रम्पले डेनमार्कबाट ग्रिनल्यान्ड टापु खोस्ने बारम्बारको चेतावनीका कारण टापु राष्ट्र र ती क्षेत्रका प्रशासन त्रसित छन् । विश्वको सबैभन्दा ठूलो टापु ग्रिनल्यान्ड आर्कटिक क्षेत्रमा अवस्थितिका कारण रणनीतिक चुनौतीको अग्रमोर्चा बन्दै छ । प्राकृतिक स्रोतहरू तेल, ग्यास, र दुर्लभ खनिजहरूका कारण ट्रम्पको रुचि बढाएको भनिए पनि यो अमेरिकी सुरक्षा रणनीतिक बृहत् योजनाको अभिन्न अंग भएको बुझ्न सकिन्छ । ट्रम्पले पछिल्लो विकास क्रमका रूपमा (मार्च १३, २०२५) नाटो महासचिव मार्क रुटसँगको भेटमा ग्रिनल्यान्डलाई 'राष्ट्रिय र अन्तर्राष्ट्रिय सुरक्षाका लागि आवश्यक' बताएर जसरी पनि कब्जा गर्ने रणनीतिक सन्देश दिएका छन् ।

साभार : कान्तिपुर ।





**सबैला नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल

**पत्रिका/पेपर**
**कम्प्यूटराईज गराउन सम्झनुहोस्।**





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला











**बटेश्वर गाउंपालिका**
गाउं कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश नेपाल


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday